प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानुन मन्त्रालय
प्रदेश नं. ४

☎फोन नं.: ०६१-४६७७११
०६१-
फ्याक्स : ०६१-४६७७११
Email:info@moial.p4.gov.np,
*moialp4@gmail.com*
*www.moial.p4.gov.np.*

**पोखरा, नेपाल**

प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय प्रदेश नं. ४ पोखरा, नेपाल

**मिति : २०७५।०१।१०**

## प्रेस विज्ञप्ति

यस प्रदेश नं. ४ मा आइपर्न सक्ने सम्भावित विपद्को न्यूनीकरण र रोकथामका लागि प्रदेश स्तरमा गठन गरिएको प्रदेश विपद् व्यवस्थापन समितिको मिति २०७५।०१।१० गते बसेको बैठकले विपद् पूर्वको अवस्था, विपद्को अवस्था र उद्धार राहत लगायतका विषयमा विभिन्न निर्णयहरु गरेको छ ।

माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको अध्यक्षतामा बसेको बैठकले प्रदेश विपद् व्यवस्थापन समितिका सदस्यहरुको मनोनयन, प्रदेश विपद् व्यवस्थापन कोषको स्थापना, प्रदेश विपद् उद्धार तथा राहत सामग्री वितरण कार्यविधि र योजना तयारी गर्ने निर्णय गरेको छ ।

यस्तै विपद् व्यवस्थापनको कार्यलाई महत्व दिई विपद्का बखत खोज, उद्धार र राहत लगायत आवश्यक सामग्रीको व्यवस्थापन, वडा स्तरसम्ममा विपद् व्यवस्थान समिति गठन गर्ने र जिल्ला विपद् व्यवस्थापन समितिले विपद् व्यवस्थापनको नमूना अभ्यास गर्ने निर्णय गरेको छ ।

मा. आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूको संयोजकत्वमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको गठन गर्ने, Land Sensitive Plan र Land Use Plan स्थानीय तहले तयार पार्ने, Disaster Risk Reduction Strategy भौतिक पूर्वाधार विकास मन्त्रालयले तयार गर्ने र स्थानीय स्तरमा खुला जमिन तथा खानेपानी मुहान सुरक्षित राख्न र खाद्यान्न मौज्दात समेत राख्न जिल्ला विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने निर्णय समेत गरेको छ ।

२०७५।१।१०
(प्रवक्ता)